सरल
साना बालबालिकाको लागि

11911

युनिट १

विश्वासका हिरोहरु

सन्डे विद्यालय



युनिट १

विद्यार्थी किताब

विशेष संस्करण



# सरल
## विद्यार्थी किताब

# स्वागतम...

...यस पढाईमा स्वागत छ जहाँ हामीले हिब्रु११ का विश्वासका हिरोहरुको सुची देख्न जादैछौ र हामीले कसरी विश्वासी जीवन पाउन सक्छौं भनि सिक्नेछौं, किनभने हाम्रो शारीरिक जीवनभन्दा हाम्रो आध्यात्मिक जीवन महत्वपूर्ण छ ।


हामीले पुराना नियमका पुरुष तथा महिलाहरुलाई हेर्न जाँदैछौं जसले प्रभुमा विश्वाश गर्नुभयो, प्रभुसँग बोल्नुभयो र वहाँको लागि बाँच्नुभयो । उनीहरु हाम्रो लागि उदाहरण हुन । कहिलेकाँही हामीले मानिसको राम्रो काममार्फत सिक्छौं र कहिलेकाँही उनीहरुको गल्तिबाट सिक्छौं ।

जबकी हामीले प्रभुप्रतिको विश्वासको बारेमा कुरा गर्दैछौं, यसलाई व्याख्या गर्दै सुरुवात गरौं । विश्वास भनेको के हो तपाईंलाई थाहा छ ? यस पढाई आधारित रहेको मुख्य पद्य भनेको हिब्रु ११:१ हो ।

याद पद्य

"अब, विश्वाश भनेको अपेक्षित कुराको प्रत्याभूति हो, नदेखिएको कुराको निश्चितता ।"

सबै क्रिस्चियनहरुको लागि बाइबल एउटा महत्वपुर्ण किताब हो, तर यो एउटा ठुलो किताब हो । तपाईं मध्ये कतिजनाले सम्पूर्ण बाइबल पढ्नुभएको छ ? यो यति ठुलो छ कि हामी हराउन सक्छौं र भएका घटनाहरुको बारेमा भ्रमित हुनसक्छौं, तिनीहरु कहाँ र कहिले भए भन्ने कुराको बारेमा । तपाईंलाई यस कुरामा मदत गर्नको लागि हिब्रु११ को कथा बाहेक पुराना नियमको पनि समिक्षा गर्नेछौं । हामीले यी सबै हाम्रो आत्मीय जीवनमा लागु गर्नेछौं । हामीले पुराना नियमका किताबहरुको नाम र मुख्य कुराहरु सिक्नेछौं, ऐतिहासिक क्रममा जसले गर्दा हामी मिति तथा घटनासँग भ्रमित हुँदैनौ । पुराना नियम पढ्नु महत्वपूर्ण रहनुको मुख्य कारण भनेको हामीले हाम्रो आजको जीवनमा प्रत्यक्षरुपमा लागु हुने अद्भुत कथाहरु र निर्देशनहरु पाउदछौं ।



# पाठ १

# प्रभुमा विश्वास गर्नुहोस

सिर्जना: जेनेसिस १:१-२:३, हिब्रु ११:१-३

## याद पद्य

"विश्वास गर्नु भनेको आशा गरेको कुरामा ढुक्क हुनु र नदेखेको कुरामा पक्का भरोसा गर्नु हो।" हिब्रू ११:१

लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस ।
त्यसपछि, तस्बिरमा रङ भर्नुहोस ।





## कार्यभार

सोमबार: दिनमा र रातमा एउटा सेल्फी / चित्रण ।

मंगलबार: आकाश देखाउँदै एउटा सेल्फी / चित्रण र सम्भव भएमा, समुन्द्र, ताल, वा नदि देखाउँदै अर्को सेल्फी / चित्रण ।

बुधबार: बिरुवा तथा रुख देखाउँदै एउटा सेल्फी / चित्रण ।

बिहिबार: सुर्यको एउटा सेल्फी / चित्रण र चन्द्र वा ताराको अर्को सेल्फी / चित्रण ।

शुक्रबार: माछाको एउटा सेल्फी / चित्रण र सम्भव भएमा, चराको एउटा सेल्फी / चित्रण ।

शनिबार: जनावर तथा मानिसको एउटा सेल्फी / चित्रण ।

आइतबार: आफ्नो गृहकार्यबाट विश्राम लिनुहोस ।

पाठ २

# वहाँलाई आफ्नो मन दिनुहोस

अबेल: जेनेसिस ४:१-१६, हिब्रु ११:४

## याद पद्य

“तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो पूरा हृदय, पूरा प्राण, पूरा मन र पूरा शक्तिले प्रेम गर’।” मर्कूस १२:३०

लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस ।
त्यसपछि, तस्बिरमा रङ भर्नुहोस ।





## कार्यभार

यस साताको लागि तपाईंको कार्य भनेको आफ्नो मनदेखि केहि कुरा दिनु हो । बाइबलले भन्छ कि हामीले अरुको लागि जे गर्छौं, येशूको लागि गर्छौं (म्याथ्यु २५:४०), त्यसैले कसैको मदत गर्ने मौका हेर्नुहोस वा कसैलाई उनीहरुले चाहेको कुरा दिनुहोस । तपाईंसँग आफ्नो अविभावकको अनुमति भएको पक्का गर्नुहोस । खतरनाक कुरा केहिपनि नगर्नुहोस । आफुले फिर्ता पाउने गरि केहि कुरा पनि नदिनुहोस ।




# प्रभुलाई खुसी पार्नुहोस


इनोक: जेनिसिस ५:२१-२४, हिब्रु ११:५-६

## याद पद्य

“येशूले जवाफ दिनुभयो, “मलाई प्रेम गर्नेहरूले मैले भनेका कुरा मान्दछन्। मेरा पिताले उनीहरूलाई प्रेम गर्नुहुनेछ अनि पिता र म उनीहरूकहाँ आएर उनीहरूसँगै बस्नेछौं।" यूहन्ना १४:२३



लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस । त्यसपछि, तस्बिरमा रङ भर्नुहोस ।



## कार्यभार

तपाईंको यस हप्ताको कार्य भनेको नयाँ नियममा रहेका केहि कथा पढ्नु र येशू तपाईंसँगै हिड्नुहुनको लागि हेर्नु हो । तपाईंले वहाँलाई पुकारेपछि वहाँले तपाईं वा अरुको मदत गर्नुभएको जस्तो लागेको समयको बारेमा लेख्नुहोस । कहिलेकाँही वहाँले हामीलाई विचारहरु पनि दिनुहुन्छ, त्यसैले तपाईंले येशूले तपाईंलाई दिनुभएको विचारहरु पनि लेख्न सक्नुहुनेछ । विचारहरु बाइबलसँग सहमत भएको कुरा पक्का गर्नको लागि आफ्नो शिक्षकसँग जाँच गर्नुहोस ।


# पाठ ४ प्रभुलाई मान्नुहोस

नोआ: जेनेसिस ६:९-९:१७, हिब्रु ११:७

## याद पद्य

“तर यो वचन पालन गर्ने होओ, आफूलाई धोखा दिंदै सुन्ने मात्र होइन। ” **याकूब १:२२**

लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस । त्यसपछि,
तस्बिरमा रङ भर्नुहोस ।





## कार्यभार

यस साताको तपाईंको कार्य भनेको तपाईंले एकपटक वा बढी गर्न खोज्नुभएको कुरा लेख्नु हो जुन प्रभुले तपाईंलाइ नगर्न चाहनुहुन्थ्यो, तर यद्यपि तपाईंले प्रभुलाई पछ्याउने निर्णय गर्नुभयो ।


# पाठ ५

# परीक्षामा उत्तीर्ण हुनुहोस

अब्राहम: जेनेसिस १२:१-७, १५:१-६. २१:१-३,२२:१-१९, हिब्रु ११:८-१९

## याद पद्य

“जाँचको बेलामा टिक्न सक्ने मानिस नै धन्यको हो। दु:खमा स्थिर रहनेले नै परमेश्वरलाई प्रेम गर्नेहरूका लागि उहाँले प्रतिज्ञा गर्नुभएको जीवनको मुकुट पाउनेछ।” याकूब १:१२



लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस । त्यसपछि, तस्बिरमा रङ भर्नुहोस ।



## कार्यभार

तपाईंको यस साताको कार्य भनेको आफ्नो सपनाको बारेमा लेख्नु हो, त्यी कुराहरु जुन तपाईंले आफ्नो जीवनमा गर्नसक्ने आशा राख्नुभएको छ । ठुला सपना बोक्न नडराउनुहोस । त्यी तपाईंलाई मनपर्ने कुरा हुन सक्छन, जस्तै अन्तरिक्षयात्री, पौडीवाज, आर्मी, डाक्टर, व्यापारी बन्ने । ठुलो सपना देख्नुहोस - तपाईंको प्रभु ठुलो हुनुहुन्छ । त्यसपछि प्रभुलाई सोध्नुहोस यदि त्यहाँ केहि कुरा छन कि भनेर जुन तपाईंले वहाँको लागि त्याग्नुपर्छ, यसको लागि आफ्नो शिक्षकलाई सोध्नुहोस, त्यसपछि यसलाई यसै साता गर्नुहोस ।

पाठ ६


# आध्यात्मलाई मूल्य दिनुहोस


**आइज्याक: जेनेसिस २५:१९-३४, २७:१-४०, हिब्रु ११:२०**

## याद पद्य

"मानिसले संसारलाई नै हात पारे पनि आफ्नो आत्माचाहिँ गुमायो भने उसलाई के फाइदा भयो र?" मर्कूस ८:३६

लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस । त्यसपछि, तस्बिरमा रङ भर्नुहोस ।





## कार्यभार

तपाईंको यस साताको कार्य भनेको आफ्नो जन्मअधिकारको बारेमा लेख्नु हो, तपाईंले बनाउन सक्ने जीवनको बारेमा । पहिला, आफ्नो परिवारको जन्मअधिकार केहिपनि होइन भनि नसोच्नुहोस । यसको धेरै मूल्य हुन्छ । यो एक मेकानिक, इन्जीनियर, वा नर्स जेको रुपमा पनि हुनसक्छ । तपाईंले आफ्नो छिमेकमा वा आफ्नो देशमा फरक पार्न सक्नुहुन्छ । तर आफ्नो आध्यात्मिक जन्मअधिकारको बारेमा पनि लेख्नुहोस । तपाईं प्रभुको सन्तान हुनुहुन्छ र वहाँको शक्तिशाली परिवारको हुनुहुन्छ । प्रभुले तपाईंलाई विभिन्न सीप तथा चाहना दिनुभएको छ, र वहाँले आफ्नो आध्यात्मिक परिवारमा तपाईंलाई सफलता दिलाउनको लागि तिनीहरुमा काम गर्न सक्नुहुन्छ । तपाईंले आफ्नो शिक्षकलाई यो देखाउन सक्नुहुन्छ, तर तपाईंले देखाउनुपर्दैन । तपाईंको मुटु प्रभुको लागि मुल्यवान छ ।

# पाठ ७

# प्रभुको आशिर्वाद


ज्याकोब: जेनेसिस २७:४१-२८:२, २८:१०-१५, २८:२०-२२, ३१:३-१३, ३१:२२-२४, ३२:९-१२, :३२:२२-३०, :३३:१-११, ३५:१-५, हिब्रु ११:२१

## याद पद्य

“यो सुनेर येशूले भन्नुभयो, “बरु परमेश्वरको शिक्षा सुनेर पालन गर्नेहरू पो धन्य हुन्!”” लूका ११:२८



लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस । त्यसपछि, तस्बिरमा रङ भर्नुहोस ।



## कार्यभार

तपाईंको यस साताको कार्य भनेको तपाईंले पछिल्लो दुई साताको बारेमा के सोच्नुभयो र के लेख्नुभयो भनि सम्झना गर्ने हो; तपाईंको सपनाहरु र तपाईंको जन्मअधिकार । तिनको बारेमा फेरी सोच्नुहोस, तर तपाईंले केहि निश्चित कुरा गरेमा कसरी तिनलाई ध्वस्त पार्न सक्नुहुन्छ भनेर पनि सोच्नुहोस । यदि तपाईं घरमा विद्रोही हुनुहुन्छ भने, यसले गम्भीररुपमा तपाईंको प्राकृतिक जन्मअधिकारमा प्रभाव पार्नसक्छ । यदि तपाईं एक डाक्टर वा इन्जीनियर बन्ने सपना देख्नुहुन्छ भने, तपाईंले विद्यालयमा राम्रो नगरेमा त्यो सपना ध्वस्त पार्न सक्नुहुन्छ । यदि तपाईंको सपनाले राम्रो स्वास्थ्य खोज्छ भने, तपाईंले आफै धुम्रपान, नशा, वा मदिरा सेवन गर्दै त्यो सपना ध्वस्त पार्न सक्नुहुन्छ । कसरी बाँच्ने भनि लेख्नुहोस जसले गर्दा तपाईंले आफ्नो सपना र जन्मअधिकार प्राप्त गर्न सक्नुहुन्छ ।

# पाठ ८ प्रभुमा विश्वास गर्नुहोस

जोसेफ: जेनेसिस ३७:२-११, ३७:१७-३६. ३९:१-४१:१३, ४१:१४-१६, ४१:२८-४०, ४१:५६-४२:५, ४५:१-१५, ४७:५, हिब्रु ११:२२

## याद पद्य

“भलाइ गर्न नथाकौं किनभने यसमा लागिरह्यौं भने समयमा यसको फल हामीले पाउनेछौं।” गलाती ६:९



लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस । त्यसपछि, तस्बिरमा रङ भर्नुहोस ।



## कार्यभार

तपाईंको यस साताको कार्य भनेको मानिसलाई माफ गर्नु हो । हामी सबैले दुर्व्यवहार भोगेका छौं । हामी त्यसको लागि रिसाएर बदला चाहन्छौं, अथवा हामीले माफी दिएर प्रभुमा विश्वास गर्नसक्छौं । यस साता तपाईंले जब जब कसैले आफुलाई चोट पुर्याएको सोच्नुहुन्छ, यो पनि सोच्नुहोस, "म तिनलाई माफ गर्छु ।" तपाईंले मानिसलाई यो भन्नु पर्दैन, तर तपाईं एक्लै भएपनि ठुलो स्वरमा भन्नुहोस । त्यसले तपाईंलाई क्रोधबाट मुक्त गराउँछ, र तपाईं फेरी खुसी हुन सक्नुहुन्छ । तपाईं आफ्नो स्वर्गीय पिता, प्रभु जस्तै पनि हुनुहुन्छ किनभने वहाँले हामी सबैलाई माफी दिनुहुन्छ । जति धेरै मानिसलाई तपाईंले माफी दिनुहुन्छ, तपाईं त्यति नै मुक्त हुनुहुन्छ ।

पाठ १

# पापलाई पछाडी छोड्नुहोस्


मोसेस: एक्सोडस १:१-२:१५, ३:१-१२, ४:१०-१७, (७:८-१३:४२), १४:५-३१.
एक्ट ७:२०-३४, हिब्रु ११:२३-२९

## याद पद्य

"सबै किसिमका खराब कुराहरूबाट शुद्ध भएर रहेको मानिस छ भने ठूलो इज्जतको भाँडाझैं हुनेछ किनभने उसले त आफैंलाई चोखो राखेर हरअसल कामको लागि मालिकलाई मनपर्दो हुनेछ।" २ तिमोथी २:२१

लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस । त्यसपछि,
तस्बिरमा रङ भर्नुहोस ।





## कार्यभार

तपाईंको कार्य भनेको तपाईं आफुले पाप गर्दा कस्तो प्रतिक्रिया दिनुहुन्छ भनि लेख्नु हो, जस्तै त्यो लुकाउने, वा त्यसको बारेमा ढाँटने, अर्को पाप गर्ने । कहिलेकाँही हामीले आफैलाई यसो भन्दै सजाय दिन्छौं, "म धेरै राम्रो मानिस होइन, त्यसैले मलाई यस्तो वा त्यस्तो गर्ने अनुमति दिनुहुँदैन", र उदास हुन्छौं । तर उत्कृष्ट प्रतिक्रिया भनेको हामीले पाप गरेको स्विकार्नु र उक्त पाप माफ गर्न येशूलाई भन्नु हो । प्रभुले तपाईं आफुले गरेको पापको लागि तपाईं उदास भएको चाहनुहुन्न । वहाँले यसलाई माफी दिन चाहनुहुन्छ, जसले गर्दा तपाईं अन्य मानिसलाई प्रोत्साहन गर्नको लागि स्वतन्त्र हुनुहुन्छ ।

## पाठ १० हो तपाईंले सक्नुहुन्छ

क्यालेब: नम्बर १३:१-३, १३:१७-१४:९, १४:७-२४, १४:३०-४५

### याद पद्य

“तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ। त्यसपछि तिमीहरू यरूशलेममा र पूरै यहूदिया र सामरिया क्षेत्रहरूमा अनि पृथ्वीका कुना-कुनासम्म मेरा साक्षी हुनेछौ।” प्रेरित १:८

लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस । त्यसपछि,
तस्बिरमा रङ भर्नुहोस ।





### कार्यभार

यस साता तपाईंको कार्य भनेको प्रभुले तपाईंको लागि गर्नुभएको पाँच राम्रा कुरा लेख्नु हो । त्यसपछि सोच्नुहोस कि तपाईंको जीवनमा त्यी राम्रा कुरा हुन भनेर को सहमत हुनेछ । त्यी मानिस तपाईंले धेरै समय बिताउन चाहने मानिस हुन । तपाईंले प्रत्येक दिन गर्ने कुरा मध्ये केहि कुरा कसरी परिवर्तन गर्न सक्नुहुन्छ भनि सोच्नुहोस जसले गर्दा तपाईंले त्यी साथीहरुसँग धेरै समय बिताउन सक्नुहुन्छ । तपाईंसँग पहिल्यै केहि विश्वास छ । यसले तपाईंको विश्वासलाई बढाउन मदत गर्छ, जस्तो कि फूलमा पानी हाल्नुले त्यसलाई बढ्न मदत गर्छ ।

## पाठ ११

# यसको बारेमा सोच्दा पनि नसोच्नुहोस

बलाम: नम्बर २२:१-६, २२:९-३८, २३:१३-२१, २४:१०-१३

### याद पद्य

"बालकहरू हो, आफ्ना आमा-बुबाले भनेको मान, यो परमेश्वरलाई मनपर्ने कुरो हो।" एफिसी ६:१

लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस । त्यसपछि,
तस्बिरमा रङ भर्नुहोस ।





### कार्यभार

तपाईंको यस साताको कार्य भनेको तपाईंले विरोध गरिरहनुभएको केहि कुराको बारेमा लेख्नु हो, केहि कुरा जुन तपाई गर्न चाहनुहुन्न तर तपाईंले गर्नुपर्छ, अथवा केहि कुरा जुन तपाईं गर्न चाहनुहुन्छ तर तपाईंले गर्नुहुँदैन । यो यस गृहकार्य कार्यभार जस्तो सरल हुनसक्छ अथवा यो तपाईंको अविभावकले तपाईंले गरोस भन्ने चाहनुभएको केहि कुरा हुनसक्छ । यसले तपाईंको मन, साथीभाई र परिवारमा, अथवा प्रभुको सेवा गर्ने तपाईंको भविष्यको आशा वा सपनामा पुर्‍याउनसक्ने असरको बारेमा सोच्नुहोस । त्यसपछि येशूसँग माफी माग्नुहोस र यसलाई आफ्नो मनदेखि सफा गर्नुहोस, येशूलाई वहाँ तपाईंको राजा रहेको भन्दै । विद्रोह गयो कि छैन भनि जानी राख्नुहोस र आफुलाई आवश्यक भएसम्म त्यो प्रार्थना दोहोर्‍याउनुहोस ।

# पाठ १२

# प्रभुको पक्ष


जोसुआ: जोसुआ १:१-११, २:१-२१, ३:१४-४:७, ४:१५-१८, ५:१०-६:११.
६:१५, ६:२०-२५, हिब्रु ११:३०-३१

## याद पद्य

“तर जतिले उहाँलाई ग्रहण गरे र उहाँमाथि विश्वास गरे, तिनीहरूलाई उहाँले परमेश्वरको सन्तान हुने हक दिनुभयो।” यूहन्ना १:१२

लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस ।
त्यसपछि, तस्बिरमा रङ भर्नुहोस ।





## कार्यभार

तपाईंको यस साताको कार्य भनेको आफ्नै बारेमा सोच्नु हो, यदि तपाईं एउटा समूहमा रहनको लागि क्रिश्चियन बनेजस्तो गर्दै हुनुहुन्छ वा तपाईं साँच्चै येशूमा विश्वास गर्नुहुन्छ । यदि यो तपाईंको पहिलोपटक हो र तपाईं अनिश्चित हुनुहुन्छ भने, तपाईंले येशूमा विश्वास गरेर कसरी प्रभुको परिवारमा सहभागी हुन सक्नुहुन्छ भनि आफ्नो सन्डे विद्यालय शिक्षकलाई सोध्नुहोस । यदि तपाईंले पहिल्यै येशूलाई स्वीकार गरिसक्नुभएको छ भने, यस साता आफुभन्दा फरक रहेका कसैलाई केहि राम्रो कुरा भन्नुहोस, जस्तो कि उनीहरुको पहिरन राम्रो भन्ने वा उनीहरुले राम्रो खेल खेल्छन भन्ने ।

# पाठ १३ केहि कुरा पनि नराख्नुहोस

एचन: जोसुआ ६:१७-१९, ७:१-१२. ७:२०-८:७, ८:१८-२७

## याद पद्य

“तर हामीले आफ्ना पाप परमेश्वरको सामु मानिलियौं भने उहाँले हाम्रो पाप मेटिदिनुहुनेछ र सबै नराम्रा कुराबाट शुद्ध गर्नुहुनेछ किनभने उहाँ विश्वासयोग्य र न्यायी हुनुहुन्छ।” १ यूहन्ना १:९


लुकेका ६ वस्तुहरु पत्ता लगाउनुहोस ।
त्यसपछि, तस्बिरमा रङ भर्नुहोस ।





## कार्यभार

तपाईंको यस साताको कार्य भनेको तपाईंले प्रभुबाट र अरुबाट लुकाउनुभएको कुराको बारेमा र किन लुकाउनुभएको भनि लेख्ने हो । त्यसपछि त्यसले तपाईंलाई कसरी असर गर्दैछ भनि सोच्नुहोस । यसले प्रभुसँगको तपाईंको सहकार्यमा चोट पुर्याउँछ, र त्यो राम्रो होइन । तर एई जस्तै, यसले तपाईंको कक्षालाई र तपाईंसँगै येशूलाई पछ्याउनुभएका मानिसलाई चोट पुर्याउँछ । कुनै कारणवश उनीहरुले यो ठम्याउन नसक्ने हुनसक्छ, उनीहरु त्यति प्रभावशाली हुँदैनन, त्यति खुसी हुँदैनन, वा सामुहिकरुपमा त्यति मिल्ने हुँदैनन जति हुन चाहन्थे । के गर्ने तपाईंलाई थाहा छ । येशूसँग र आफ्नो अविभावक वा विश्वास लाग्ने शिक्षक वा पादरीसँग त्यो पाप स्वीकार गर्नुहोस । क्षमा माग्नुहोस र वहाँको क्षमाले पार्ने फरक हेर्नुहोस ।




Heroes 1 Easy
Nepali
11911

www.ChildrenAreImportant.com
info@childrenareimportant.com
We are located in Mexico.
00-52-592-924-9041

नानीहरू महत्वपूर्ण छन्